This question paper consists of **31** questions and **8** printed pages.

Roll No. | | | | | | | | | | | | |

# NEPALI
# (नेपाली)
# (231)

**Code No.** **50/S/A/N**
**कोड नं.**

**SET** **A**

Day and Date of Examination ..................................................................

Signature of Invigilators 1. ..........................................

2. ..........................................

---

**सामान्य अनुदेश :**

1. परीक्षार्थीले आफ्नो रोल नम्बर प्रश्न-पत्रको प्रथम पृष्ठमा लेख्नु पर्नेछ ।

2. प्रश्न-पत्रको कुल पृष्ठ संख्या र कुल प्रश्न संख्या प्रश्न-पत्रको प्रथम पृष्ठको माथिल्लो कुनामा लेखिएको छ । प्रश्न-पत्रको पृष्ठ संख्या पूरा छ या छैन जाँच्नको निम्ति कृपया त्यस संख्यासँग दाजेर हेर्नोस । प्रश्न अनुवर्ती क्रममा छ/छैन त्यो पनि जाँच्न आवश्यक छ ।

3. वस्तुनिष्ठ प्रश्नहरूका दिइएको चार विकल्पहरू (A), (B), (C) अथवा (D) देखि कुनै एउटामा दिइएको उत्तर-पुस्तिकामा चिह्नित गर्नोस् ।

4. वस्तुनिष्ठ प्रश्नहरूसँग सबै प्रश्नहरूका उत्तर निर्धारित समयमा लेख्नु पर्नेछ अनि वस्तुनिष्ठ प्रश्नहरूका उत्तरलाई कुनै अतिरिक्त समय-सीमा निश्चित छैन ।

5. उत्तर-पुस्तिकामा परिचयको कुनै चिह्न बनाइएको अथवा निर्दिष्ट स्थान वाहेक अन्य कुनै पनि ठाउँमा रोल नम्बर लेखिएको पाइए, परीक्षार्थीलाई अयोग्य ठहराइन्छ ।

6. उत्तर-पुस्तिकामा आफ्नो प्रश्न-पत्रको कोड नं. **50/S/A/N, Set** A लेख्नुहोस् ।

# NEPALI

## (नेपाली)

## (231)

**समय : 3 घण्टा ]** **[पूर्णाङ्क : 100**

**निर्देश** : (1) **सबै** प्रश्नहरूका उत्तर दिन अनिवार्य छ ।

(2) **सबै** प्रश्नहरू ध्यानपूर्वक पढ़ी उत्तर दिनुहोस् ।

(3) प्रश्न सङ्ख्या **1** देखि **11** सम्मका चार विकल्पहरूमध्ये सर्वाधिक उपयुक्त उत्तरको उत्तर-पुस्तिकामा चिह्नित गर्नुहोस् ।

1. भानुभक्तले आरम्भ गरेको रामनामको काव्यलाई अझ अघि बढाउने कवि थिए **1**

(A) रघुनाथ (B) वसन्त

(C) मोतीराम (D) यदुनाथ

2. 'गोरखाली जाति' कविताको शैली हो **1**

(A) गद्य कविता (B) कविता

(C) चम्पू (D) गज़ल

3. 'उत्तरतिर कंस करायो' कविता **1**

(A) क्रान्तिकारी छ (B) व्यङ्गात्मक छ

(C) क्रान्तिकारी र व्यङ्गात्मक छ (D) उपदेशात्मक छ

4. 'आमा' कविता कुन महाकाव्य अन्तर्गत हो ? **1**

(A) जन्मभूमि (B) आमा

(C) मुनामदन (D) शकुन्तला

5. "भोगको लालसाले होइन, धर्मका आज्ञाले विवाह गरेका हुँ" । यो कसले भनेको हो ? **1**

(A) छिमेकीले (B) सुभद्राले

(C) देवीरमणले (D) नौलीले

6. मैले दधीचि मुनीको कथा भनेका थिएँ-वक्ता के हो ? **1**

(A) बाजे ताखे (B) बागी

(C) नाति (D) कथाकार बाजे

7. 'त्रिकोण' एकाङ्की को ईमानदार, सत्य र सोझो मानिस हो **1**

(A) प्रदीप (B) सुखवीर

(C) दीपक (D) हरिबाजे

8. 'साहित्य समाजको दर्पण हो' भन्नुको अर्थ **1**

(A) समाजको प्रगति कति भएको छ, त्यो हेर्ने ऐना

(B) समाजको अधोगति हेर्ने ऐना

(C) समाज कतातिर भनेर हेर्ने ऐना

(D) समाज कस्तो भनेर हेर्नु ऐना

9. शब्द-शक्ति कति प्रकारका हुन्छन् ? **1**

(A) तीन (B) चार

(C) पाँच (D) सात

10. कसैलाई हँसाई हँसाई रुवाउने कलालाई के भनिन्छ ? **1**

(A) हास्य (B) व्यङ्गय

(C) क्रन्दन (D) ताकत

11. गद्यको एक प्रभावशाली विधा हो **1**

(A) महाकाव्य (B) खण्डकाव्य

(C) उपन्यास (D) चम्पूकाव्य

12. निम्नलिखित गद्यांश ध्यानपूर्वक पढ़ी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :

आजका मानिसले धर्मलाई धोकाको पसल बनाएर राखेका छन् । तिनीहरू त्यसको आड़मा स्वार्थसिद्ध गर्छन् । मानिस धर्म छाडेर सम्प्रदायको जालमा फँसेको छन् । सम्प्रदाय बाहिरका कुराहरूलाई धेरै महत्व दिन्छन् । तिनीहरू धर्मको चिह्न लिएर धर्मको सार-तत्त्व-विषय बढ्याई दिने गर्छन् । धर्मले मानिसलाई अन्तर्मुखी बनाउँछ, उसको हृदयको मैलालाई फालिदिन्छ, उसको आत्मालाई विशाल, मनलाई उदार र चरित्रलाई उन्नत बनाउँछ । सम्प्रदायले सङ्कीर्पता तथा संकुचितता बढाउँछ, यसले हामीलाई जात-पात, रूप-रंग तथा ऊँच-नीचका भेद-भावहरूदेखि माथि उठून दिँदैन ।

(i) आजका मानिसले धर्मलाई के बनाएर राखेका छन् ? **1**

- (A) स्वर्ग जाने सिंढी
- (B) वैतरणी तर्ने पुल
- (C) धोकाको पसल
- (D) पैसा कमाउने साधन

(ii) मानिसहरू धर्म छाड़ेर कतापट्टि ढल्केका छन् ? **1**

- (A) सम्प्रदायको जालमा
- (B) सम्पत्तिको लालचमा
- (C) होड़बाजीमा
- (D) धनको बल प्रदर्शनमा

(iii) धर्मले मानिसलाई कस्तो बनाउँछ ? **1**

(iv) यहाँ कुन दुइ कुराको तुलना भएको छ ? **1**

(v) 'सङ्कीर्णता' भन्नाले के बुझिन्छ ? **1**

(vi) मानिसहरूले स्वार्थसिद्ध कसरी गर्छन् ? **2**

(vii) 'सार-तत्त्व-विषय' बारे दुइ पङ्क्तिमा लेख्नुहोस् । **2**

(viii) धर्मले मानिसलाई कसरी सहायता गर्छ ? **2**

(ix) सम्प्रदाय र धर्ममा के भिन्नता छ ? **2**

13. निम्नलिखित पद्यांशलाई ध्यानपूर्वक पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :-

"बिर्सन दिन्नौ सन्ततिलाई
निर्मम गोलीको प्रहार यहाँ
तिम्रो मेरो प्राण लुछेर
खोसिन्छ कहाँ अधिकार यहाँ ?"

(i) यहाँ 'सन्तति' को अर्थ हो **1**

(A) परिवार

(B) भावी सन्तान

(C) शत्रु

(D) विदेशी

(ii) गोलीको प्रहार कसले गरेको थियो ? **1**

(A) शत्रुले

(B) श्रमिकले

(C) चियावारीको मालिकले

(D) अङ्ग्रेजले

(iii) गोली प्रहार गरी प्राण लिनुको मुख्य कारण के थियो ? **2**

(iv) उक्त पद्यांशको भावार्थ स्पष्ट गर्नुहोस् । **2**

14. 'पद्मा' कथाका दुइजना नामीहरूको नाम के के हुन् ? **1**

15. 'नासो' कथामा जम्मा पात्र-पात्रा कति हुन् ? **1**

16. 'एउटा चिट्ठी परेवालाई' कवितामा प्रयुक्त 'हिटलर' को प्रतीक के हो ? **1**

17. "बड़ाले जो ग-यो काम, हुन्छ त्यो सर्वसम्मत ।" 'बडा' को अर्थ स्पष्टगर्नुहोस् । **1**

18. 'प्रश्न चिह्न' को प्रयोग कहाँ हुन्छ ? एउटा उदाहरण दिनुहोस् । **2**

19. (क) निम्नलिखित कुनै **दुइ** शब्दहरूलाई जोड़ी सन्धि बनाउनुहोस् : **2**

उत् + हरण, सदा + एव, सु + आगत

(ख) निम्नलिखित कुनै **दुइ** शब्दको विपरीतार्थक शब्द लेख्नुहोस् : **2**

सङ्कुचित, निरपेक्ष, हर्ष

(ग) 'अ' उपसर्ग लगाएर कुनै दुइ शब्द गठन गर्नुहोस् । **2**

20. निम्नलिखित कुनै **दुइ** बाग्धारालाई अर्थ खुल्नेगरी वाक्यमा प्रयोग गर्नुहोस् : **2**

कम्मर कस्नु, पखेटा लाग्नु, डाँडाको धाम हुनु

21. औपचारिक पत्रमा प्राप्तकर्ताको नाम, ठेकाना पत्रको कतापट्टि लेखिन्छ ? **1**

22. क्रिकेट म्याच हेर्दै गरेका दुइ साथी हरू माझ भइरहेको कुराकानीवारे कल्पना गरी लेख्नुहोस् । **4**

23. ध्वनि प्रदूषणको रोकथामवारे वर्णन गर्दै एक अनुच्छेद लेख्नुहोस् । **5**

24. निम्नलिखित कुनै दुइ जोड़ी शब्दलाई अर्थ खुल्नेगरी वाक्यमा प्रयोग गर्नुहोस् :

फेरि/फेरी, अनल/अनिल, दिन/दीन **4**

25. एक विद्यालयमा चार कक्षाहरू – IX, X, XI अनि XII का विद्यार्थीहरू लाई क्रिकेट, हकी, व्याडमिन्टन र टेबल टेनिस खेलमा भाग लिनु छ । यी खेलहरूमा कक्षा IX देखि क्रमैले 4, 4, 2 र 1 विद्यार्थी, कक्षा X देखि 3, 4, 1 र 2, कक्षा XI बाट 1, 2, 1 र 3 अनि कक्षा XII बाट 3, 2, 0 र 5 विद्यार्थी भाग लिनेछन् । यसलाई उपयुक्त तालिकामा देखाउनुहोस् । **5**

26. 'मृगतृष्णा' कस्तो किसिमको कथा हो ? यसका पात्र-पात्राहरूको चित्रण सङ्क्षेपमा गर्नुहोस् । **5**

27. 'गरीब' कविताको भाव-सौन्दर्य स्पष्ट गर्नुहोस् । **5**

28. निम्नलिखित वाक्यहरूमा उपयुक्त चिह्न प्रयोग गर्नुहोस् : **5**

राम यी दस्तावेजहरू तिम्रै हुन् कि तिम्रा भतिजाका

श्याम मेरे हुन गुरुज्यू

राम तिम्रा उमेर खालि 20 वर्ष मात्र हो

श्याम हो गुरुज्यू

29. आफ्नो विद्यालयको छात्रावासका सबै कुरा जनाएर पितालाई एउटा पत्र लेख्नुहोस् । **7**

**अथवा**

नाटक मञ्चनार्थ मञ्चन भवनको निम्ति अनुमति माग्दै सम्बन्धित अधिकारीलाई अर्जी पत्र लेख्नुहोस् ।

30. निम्नलिखित कुनै **एक** विषयमाथि आफ्नो विचार **10-12** पङक्तिभित्र व्यक्त गर्नुहोस् : **5**

(क) जो होचो उसको मुखमा घोचो

(ख) दैवको लाठी सबैमाथि

(ग) सत्यमेव जयते

(घ) जता मल्खु उतै ढल्कु

31. निम्नलिखित कुनै **एक** विषयमाथि लगभग **200** शब्दभित्र निबन्ध लेख्नुहोस् : **10**

(क) धनको सदुपयोग

(ख) असल नेताका गुणहरू

(ग) विद्यार्थी जीवन

(घ) जनसङ्ख्या समस्या र समाधान ।